नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

**प्रेस विज्ञप्ति**

**पैठारी गरिने वस्तुहरूमा अधिकतम खुद्रा मूल्य (MRP) अनिवार्य गर्ने सम्बन्धमा**

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग र नेपाल समुद्रपार निकासी पैठारी संघका प्रतिनिधिहरूबीच आज मिति २०८२/१२/३० मा भएको छलफलबाट उपभोक्ता हित संरक्षण तथा बजार व्यवस्थापनलाई थप पारदर्शी बनाउने उद्देश्यका साथ देहाय बमोजिमका निर्णयहरू गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो विज्ञप्ति जारी गरिएको छः-

**१. अधिकतम खुद्रा मूल्य (MRP) अनिवार्य गर्नेः** विदेशबाट पैठारी गरी नेपालमा विक्री वितरण गरिने सम्पूर्ण वस्तुहरूको पैठारीकर्ताले अनिवार्य रूपमा अधिकतम खुद्रा मूल्य (Maximum Retail Price - MRP) उल्लेख गर्नुपर्ने साथै वस्तु विक्री गर्दा अनिवार्य रुपमा बिल बिजक जारी गर्ने।

**२. कार्यान्वयनका लागि समय सीमाः** पैठारीकर्ताहरूले आफूले पैठारी गरेका वा स्टकमा रहेका वस्तुहरूमा अनिवार्य रूपमा MRP उल्लेख गरी कार्यान्वयनमा ल्याउनका लागि आजको मितिले १५ (पन्ध्र) दिनको पूर्व-तयारी समय प्रदान गर्ने। उक्त अवधिपश्चात् बजार अनुगमनका क्रममा MRP उल्लेख नभएका वस्तुहरू फेला परेमा प्रचलित कानुन बमोजिम कारबाही प्रक्रिया अगाडि बढाइने।

मिति २०८२।१२।३० गते

प्रवक्ता
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग
बबरमहल, काठमाडौं